मुखियापट्टी मुसहरनिया गाउँपालिका

तुलसियाही जब्दी, धनुषा

---

# मुखियापट्टी मुसहरनिया गाउँपालिका, तुलसियाही जब्दी, धनुषाद्वारा प्रकाशित

मुखियापट्टी मुसहरनिया गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ५६ दिएको अधिकार प्रयोग गरी मुखियापट्टी मुसहरनिया गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक तथा परम्परागत विद्यालयहरुमा शिक्षक अभाव परिपूर्तिको लागि सेवा करारमा पालिका शिक्षक व्यवस्था गर्न गाउँकार्यपालिकाको मिति २०७९/०३/१७ को निर्णयबाट स्वीकृत शिक्षा भएबमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

## पालिका शिक्षक व्यवस्थापन कार्यविधि, २०८०

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०८०/०३/१७

### प्रस्तावना

मुखियापट्टी मुसहरनिया गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक एवं परम्परागत विद्यालयहरुमा विद्यमान शिक्षक अभाव परिपूर्ति गर्ने, पठनपाठनमा सहजता प्रदान गर्ने र शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्देश्यले नेपालको संविधान २०७२ को अनुसूची ८ मा उल्लिखित स्थानीय तहको एकल अधिकारको सूची एवम् स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा उल्लिखित आधारभूत तथा माध्यमिक शिक्षा व्यवस्थापन गर्ने वांछनीय भएकोले मुखियापट्टी मुसहरनिया गाउँपाला, तुलसियाही जब्दी, धनुषाले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "पालिका शिक्षक व्यवस्थापन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "पालिका शिक्षक" भन्नाले यसै कार्यविधि बमोजिम नियुक्त शिक्षक सम्झनुपर्छ ।

(ख) "गाउँपालिका" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिका, तुलसियाही जब्दी, धनुषा सम्झनुपर्छ ।

(ग) "गाउँ सभा" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको गाउँ सभा सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँकार्यपालिका सम्झनुपर्छ ।

(ङ) अध्यक्ष" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(च) "कार्यालय" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँकार्यपालिकाको कार्यालय तुलसियाही जब्दी, धनुषा सम्झनुपर्छ ।

(छ) प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले पालिका शिक्षक छनौटका लागि गठित पालिका शिक्षक छनौट समिति सम्झनुपर्छ ।

(झ) "परीक्षा" भन्नाले पालिका शिक्षक छनौटका लागि समितिद्वारा संचालन गरिने लिखित परीक्षा प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ता मध्ये कुनै एक परीक्षा वा दुई वा तीन वटै परीक्षा सम्झनुपर्छ ।

(ञ) "विद्यालय" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिका क्षेत्रभित्र संचालित सामुदायिक आधारभुत तथा माध्यमिक विद्यालय सम्झनुपर्छ ।

(ट) "शिक्षा शाखा" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको शिक्षा,. युवा तथा खेलकुद शाखा सम्झनुपर्छ ।

३. कार्यविधिको उद्देश्य :यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ :

(क) गाउँ क्षेत्रभित्र संचालित सामुदायिक आधारभूत तथा माध्यमिक एवम् परम्परागत विद्यालयहरुमा शिक्षक अभाव परिपूर्ति गर्न पालिका शिक्षकहरुको छनौट तथा सिफारिसका लागि परीक्षा संचालन गर्ने,

(ख) शिक्षक अभाव भएका सामुदायिक एवम् परम्परागत विद्यालयहरुको पठनपाठन प्रक्रिया व्यवस्थित गर्ने,

(ग) सामुदायिक एवम् परम्परागत विद्यालयहरुको सेवा प्रवाह एवम् शैक्षिक गुणस्तर सुधार गर्ने,

हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

(घ) गाउँपालिकाबाट हुने पालिका शिक्षक भर्ना प्रक्रियालाई व्यवस्थित तुल्याउने ।

## परिच्छेद-२

## पालिका शिक्षक कोटा निर्धारण र वितरण व्यवस्था

४. पालिका शिक्षक कोटा निर्धारण र वितरण :

(१) गाउँपालिकाले आफ्नै आन्तरिक स्रोत/समानीकरण अनुदानबाट व्यहोर्ने गरी शिक्षा, युवा तथा खेलकुद शाखाको सहयोगमा गाउँ शिक्षा समितिले पालिका शिक्षक कोटा (संख्या) निर्धारण गरिनेछ । कोटा निर्धारण गर्दा शिक्षा नियमावली, २०५९ अनुसार अनुसूची १२ को नियम ९२ सँग सम्वन्धित अनुसार प्राप्त दरवन्दी, रांहत र अनुदान बाहेक नपुग कोटा निर्धारण गरिनेछ ।

(२) गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा पालिका शिक्षक कोटा (संख्या) वितरण गर्दा देहाय बमोजिमका आधारमा गरिनेछ ।

(क) विद्यालयहरुमा अध्ययनरत विद्यार्थी संख्या एवम् शिक्षक संख्याका आधारमा शिक्षक अभाव रहे/नरहेको तथा सहज ढंगले पठनपाठन हुन सक्ने वा हुन नसक्ने यकिन गरी विद्यालयगत रूपमा कोटा निर्धारण गरिनेछ ।

(ख) कक्षागत र विषयगत शिक्षक नपुग भएका सामुदायिक एवम् परम्परागत विद्यालयहरुमा कक्षागत रूपमा प्रति कक्षा न्यूनतम ५० जना विद्यार्थी भएमा पालिका शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ ।तर माथिल्लो तहमा तोकिएभन्दा कम शिक्षक दरबन्दी वा राहत अनुदान भएमा र तल्लो तहमा विद्यमान शिक्षक संख्याले कक्षागत रूपमा शिक्षक नपुग भएमा पालिका शिक्षक कोटा उपलब्ध गराउन सकिनेछ ।

(ग) सेवा क्षेत्रको जनसंख्या र विद्यार्थी संख्या न्यून भएमा एवम् भौतिक पूर्वाधार कमजोर रहेको विद्यालयमा पालिका शिक्षक कोटा उपलब्ध गराइने छैन ।

(३) पहिलो पटकको लागि विद्यालयमा आवश्यक तहगत एवम् विषयगत शिक्षक संख्या र गाउँपालिकाको आन्तरिक स्रोतका आधारमा चाहिने कुल पालिका शिक्षक संख्या यकिन गरी निर्धारण गरिनेछ ।

(४) विद्यालयगत रूपमा वितरण गरिने कोटा अनुसार पालिका शिक्षक खटिदा समेत सहजरूपमा विद्यालय संचालन हुन नसकेको र शैक्षिक गुणस्तरमा सुधार आउन नसकेको व्यहोरा गाउँपालिकाबाट गरिएको अनुगमन प्रतिवेदन र शिक्षा, युवा तथा खेलकुद शाखाको सिफारिस देखिएमा गाउँपालिकाले सोको प्रभाव मूल्यांकन गरी गाउँ शिक्षा समितिले पालिका शिक्षक कोटा पुनर्वितरण एवम् फिर्ता गर्न सक्नेछ ।

हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

पालिका शिक्षक छनौट समिति सम्बन्धी व्यवस्था

**५. पालिका शिक्षक छनौट समिति गठन :**

(१) यस कार्यविधि अनुसार निर्धारित पदमा पालिका शिक्षक छनौट गरी सिफारिस गर्नको लागि देहायबमोजिमको एक पालिका शिक्षक छनौट समिति रहनेछ :

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) प्रशासन सेवाको वरिष्ठतम कर्मचारी एक जना - सदस्य

(ग) सम्बन्धित विषयको विषय विज्ञ - सदस्य

(घ) शिक्षा विकास तथा समन्वय एकाइको प्रतिनिधि - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) तहगत र विषयगत आवश्यकताका आधारमा समितिले आवश्यकता अनुसारको संख्यामा विषयगत विशेषज्ञहरु पालिका शिक्षक छनौटका लागि लिइने परीक्षा सम्बन्धी कार्यमा खटाउन सक्नेछ ।

(३) समितिको कार्यसंचालन तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ ।

**६. पालिका शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार :**

(१) पालिका शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस कार्यविधि अनुसार सामुदायिक एवम् परम्परागत विद्यालयहरुका लागि तोकिएका पद संख्यामा पालिका शिक्षक करार नियुक्ति गर्न प्रतियोगितात्मक परीक्षा संचालनको लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) विज्ञापन प्रकाशन गर्दा तह, विषय र शिक्षक संख्या निर्धारण गर्ने,

(ग) विज्ञापनमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरुको छनौट गर्न लिखित परीक्षा, प्रयोगात्मक परीक्षा (आवश्यकतानुसार) र अन्तरवार्ता संचालन गर्ने,

(घ) लिखित तथा आवश्यकता अनुसार प्रयोगात्मक परीक्षाबाट उत्तीर्ण हुने उम्मेदवारहरुमध्ये आवश्यक पद संख्याको ५० प्रतिशत उम्मेदवार थप गरी अन्तरवार्ताको लागि छनौट गर्ने, तर अन्तिम क्रमसंख्यामा एक जना

हरि शंकर यादव

अध्यक्ष

भन्दा बढी उम्मेदवारले समान अंक प्राप्त गरेमा त्यस्ता सबै उम्मेदवारको नाम अन्तरवार्ताको लागि प्रकाशन गर्ने,

(ङ) अन्तरवार्ताको लागि छनौट भएका उम्मेदवारहरुको अन्तरवार्ता संचालन गर्ने । आवश्यक संख्यामा सफल उम्मेदवारहरु छनौट गरी योग्यताक्रम सहित नियुक्तिका लागि विद्यालयलाई सिफारिस गर्ने र उपलब्ध भएसम्म आवश्यक पद संख्याको २० प्रतिशत उम्मेदवारहरु थप गरी वैकल्पिक योग्यताक्रम सूची प्रकाशन गर्ने ।

## परिच्छेद-४

## विज्ञापन प्रकाशन, प्रतियोगितात्मक परीक्षा र र सिफारिस सम्वन्धी व्यवस्था

### ७. विज्ञापन प्रकाशन गर्नुपर्ने :

(१) यस कार्यविधि बमोजिम पालिका शिक्षक पदमा पदपूर्तिको लागि कम्तीमा पन्ध्र (१५) दिनको म्याद राखी विज्ञापन प्रकाशन गर्नुपर्नेछ । आवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

(२) प्रकाशित विज्ञापनमा थपघट वा संशोधन गर्नुपरेमा प्रथम पटक प्रकाशन भएको मितिले १० दिनभित्र समितिले थपघट वा संशोधन गर्न सक्नेछ ।

### ८. योग्यता सम्वन्धी व्यवस्था :

(१) पालिका शिक्षक पदमा उम्मेदवार हुनको लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिक मात्र योग्य हुनेछन् :

(क) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, मगज नविग्रेको, नैतिक पतन देखिने फौजदारी अभियोगमा कसूरदार नठहरिएको तथा भविष्यमा सरकारी नोकरी एवम् शिक्षक सेवाको लागि अयोग्य हुने गरी सेवाबाट बर्खास्त नभएको,

(ख) आधारभूत तह (कक्षा १-५) को लागि कुनै पनि संकायमा प्रवीणता प्रमाणपत्र तह वा कक्षा ११-१२ उत्तीर्ण गरेको र आधारभूत तह (कक्षा ६-८)को लागि सम्वन्धित विषयमा प्रवीणता प्रमाण पत्र तह वा कक्षा ११-१२ उत्तीर्ण गरेको,

(ग) माध्यमिक तह (कक्षा ९-१०) को लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण गरेको र माध्यमिक तह(कक्षा ११-१२) को लागि सम्वन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको

(घ) अध्ययापन अनुमति पत्र प्राप्त नगरेकालाई उम्मेदवार हुन वाधा पर्ने छैन।

हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

९. पदपूर्तिको माध्यम :

(१) पालिका शिक्षक पदपूर्तिका लागि पालिका शिक्षक छनौट समितिले देहायबमोजिमको प्रक्रिया अवलम्वन गरी लिखित परीक्षा तथा अन्तर्वार्ता संचालन गर्नेछ।

(क) लिखित परीक्षाको पूर्णांक र उत्तीर्णांक पाठ्यक्रममा निर्धारण भएबमोजिम हुनेछ ।

(ख) आवश्यकता अनुसार लिइने प्रयोगात्मक परीक्षाको पूर्णांक २५ र उत्तीर्णांक १० हुनेछ ।

(ग) अन्तर्वार्ता २० अंकको हुनेछ, जसमध्ये शैक्षिक योग्यताको ३, शिक्षण अनुभवको २, स्थानीयता वापतको ५ र व्यक्तिगत अन्तर्वार्ताको १० अंक हुनेछ :

- शैक्षिक योग्यता वापत प्रथम श्रेणीको ३ अंक, द्वितीय श्रेणीको २ अंक र तृतीय श्रेणीको १ अंक हुनेछ। श्रेणी नखुल्ने प्रमाणपत्रको हकमा द्वितीय श्रेणी सरहको अंक दिइनेछ ।
- शिक्षण अनुभव वापत सम्वन्धित तह र विषयमा नेपाल सरकारवाट स्वीकृत दरबन्दी वा राहत अनुदानमा अस्थायी/करार शिक्षक पदमा शिक्षण गरेको भए १ वर्षभन्दा माथि ५ वर्षसम्मको अनुभव भए १ अंक र सोभन्दा माथिको अनुभव भए २ अंक दिइनेछ ।
- उम्मेदवार मुखियापट्टी मुसहरनिया गाउँपालिकामा स्थायी बसोवास रहेको प्रमाणपत्र (नागरिकता, बसाइसराइ वा विवाहदर्ताको प्रमाणपत्र) पेश गर्नुपर्नेछ ।
- शिक्षक सेवा आयोगबाट वैकल्पिकको सूचिमा परेका उम्मेदवारहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- अध्ययापन अनुमति पत्र प्राप्त गरेकालाई थप ०.५ अङ्क दिइनेछ।

व्यक्तिगत अन्तर्वार्ता १० अंकको हुनेछ, जसमा व्यक्तित्ववापत १ अंक, प्रस्तुतीकरणवापत १ अंक, शिक्षण विधि एवम् शिक्षा मनोविज्ञान सम्बन्धी ज्ञानवापत १ अंक र सम्बन्धित विषयवस्तुको ज्ञानवापत ७ अंक रहनेछ ।

१०. लिखित परीक्षाको पाठ्यक्रम र अंकभार :

(१) तहगत तथा विषयगत रूपमा देहाय बमोजिमको पाठ्यक्रम हुनेछ ।

| क.स. | विषयवस्तु | अङ्कभार | | कैफियत |
|---|---|---|---|---|
| | | वस्तुगत | विषयगत | |
| १ | शिक्षा तथा शिक्षा मनोविज्ञान सम्वन्धी सामान्य जानकारी | ५ | ५ | सकभर सबै शिर्षकबाट प्रश्न सोधिनेछ। |
| २ | सामान्यज्ञान र वौद्धिक परिक्षण | ५ | ५ | |
| ३ | विषयवस्तु सम्वन्धी ज्ञान | ४० | ४० | |
| | जम्मा | ५० | ५० | |
| | कुल | १०० | | |

हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

११. प्रश्नपत्र निर्माण र परीक्षा संचालन :

(१) प्रश्नपत्र निर्माण एवम् परिमार्जन गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा शिक्षा शाखा प्रमुख सदस्य रहेको एक उप-समिति रहनेछ ।

(२) समितिले पदपूर्ति हुने पदको प्रकृति अनुसार वहालवाला शिक्षक वा सेवा निवृत शिक्षक वा विषयविज्ञहरुबाट प्रश्नपत्र निर्माण र परिमार्जन गराउनेछ । प्रश्नपत्रहरु सिलबन्दी गरी उचित भण्डारण गर्ने कर्तव्य समितिंका संयोजक वा निजले तोकेको कर्मचारीको हुनेछ ।

(३) समितिले तोकेको मिति, समय र स्थानमा परीक्षा संचालन हुनेछ ।

(४) लिखित परीक्षाको केन्द्राध्यक्ष समितिका संयोजक आफैं वा निजले तोकेको कर्मचारी हुनेछ । संयोजकले परीक्षा संचालन गर्नको लागि आवश्यक संख्यामा निरीक्षक खटाउन सक्नेछ ।

(५) समितिका पदाधिकारी, परीक्षामा खटिएका सुरक्षाकर्मी, परीक्षार्थी, सुरक्षाकर्मी, गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष र समितिका पदाधिकारी वा प्रमुख प्रशासकीय अधिकृतबाट अनुमति प्राप्त कर्मचारी वा प्रतिनिधिवाहेक अन्य व्यक्तिलाई परीक्षा भवनमा प्रवेश गर्न दिने छैन ।

१२. उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन :

(१) उत्तरपुस्तिका परीक्षण गर्ने विशेषज्ञले उम्मेदवारको पहिचान गर्न नसक्ने गरी समितिले लिखित परीक्षाको उत्तरपुस्तिकामा प्रथम र दोस्रो Coding (साँकेतीकरण) गर्ने व्यवस्था मिलाउनेछ ।

(२) Coding भएको उत्तरपुस्तिका सम्बन्धित विषय विशेषज्ञबाट परीक्षण र सम्परीक्षण गराइनेछ । समितिले उत्तरपुस्तिका परीक्षण गर्ने विधि, प्रक्रिया र आचारसंहिता विषय विशेषज्ञलाई उपलब्ध गराइनेछ ।

(३) विषयविज्ञले समयमै उत्तरपुस्तिका परीक्षण गरी परीक्षण भएको उत्तरपुस्तिका सिलबन्दी गरी समितिको सदस्य-सचिव समक्ष पेश गर्नु पर्नेछ ।

(४) समितिले परीक्षण भएको उत्तरपुस्तिका सम्परीक्षण गर्ने व्यवस्था मिलाउन सक्नेछ सम्परीक्षण भएको उत्तरपुस्तिका सिलवन्दी गरी समितिको सदस्य-सचिवलाई बुझाउनुपर्नेछ ।

हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

(५) सिलबन्दी गरिएको उत्तरपुस्तिका समितिका सम्पूर्ण पदाधिकारीहरुको उपस्थितिमा खोली सामूहिक रूपमा रुजु गरी आवश्यक पद संख्याको २० प्रतिशत उम्मेदवार थप गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुको नाम नेपाली वर्णानुक्रम अनुसार समावेश गरी लिखित परीक्षाको नतीजा प्रकाशन गर्नुपर्ने छ ।

१३. प्रयोगात्मक परीक्षा, अन्तरवार्ता र अन्तिम नतिजा प्रकाशन :

(१) लिखित परीक्षामा सफल उम्मेदवारहरुलाई मात्र प्रयोगात्मक परीक्षा अन्तर्वार्तामा सहभागी गराइनेछ । तर, समितिले आवश्यक ठानेमा मात्र प्रयोगात्मक परीक्षा संचालन गरिनेछ ।

(२) प्रयोगात्मक परीक्षा र अन्तरवार्ता सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(३) समिति आफैले अन्तर्वार्ता लिन सक्नेछ । तर, आवश्यक परेमा समितिले विषय विशेषज्ञताको आधारमा गाउँकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी वा अन्यत्रबाट थप कर्मचारी/ विषयविज्ञ मनोनयन गर्नसक्ने वा छुट्टै अन्तर्वार्ता समिति गठन गरी कार्य जिम्मेवारी दिन सक्नेछ ।

(४) अन्तर्वार्तामा रहने पदाधिकारीहरुले अन्तर्वार्ता छुट्टाछुट्टै अंक प्रदान गर्नेछन् र सबै अन्तर्वार्ताकारहरुले प्रदान गरेको अंकहरुको औसत गणना गरी उम्मेदवारले लिखित परीक्षा, प्रयोगात्मक परीक्षा भए सो परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अंक जोडी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु समावेश गरी समितिले आवश्यक संख्यामा सफल उम्मेदवार र १० प्रतिशत संख्यामा वैकल्पिक उम्मेदवारहरुको नामावलीसहितकोअन्तिम नतिजा प्रकाशन गर्नेछ ।

(५) समितिले अन्तिम नतिजामा परेका सफल उम्मेदवारहरुलाई करार पालिका शिक्षक पदमा नियुक्तिका लागि सिफारिस सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-५

## नियुक्ति सम्बन्धी व्यवस्था

१४. उजुरी दिनसक्ने तथा उजुरी उपर कारबाही सम्बन्धी व्यवस्था :

(१) अन्तिम नतिजा प्रकाशन तथा सिफारिस सम्बन्धमा कुनै उम्मेदवारलाई चित्त नबुझेमा त्यस्तो उम्मेदवारले अन्तिम नतिजा प्रकाशन भएको मितिले ७ दिन भित्र शिक्षा शाखामा निवेदन दिन सक्नेछ

हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

(२) त्यस्तो उजुरीउपर छानवीन गरी किनारा लगाउन गाउँपालिकाले छानविन समिति गठन गर्न सक्नेछ, सामान्यतया छानविन समिति गठन भएको १५ दिनभित्र छानविन समितिले उजुरी उपर कारवाहीका निर्णय गर्नेछ ।

(३) उजुरी उपर छानवीन समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

१५. करार नियुक्ति सम्बन्धी व्यवस्था :

(१) सिफारिस उपर उजुरी परेको खण्डमा उजुरी उपर कारवाहीको निर्णय पश्चात् र उजुरी नपरेको अवस्थामा उजुरी दिने म्याद समाप्त भए पश्चात गाउँपालिकाले चालु आ.व.को अन्तिम मसान्तसम्मको लागि अनुसूची २ वमोजिम सेवा करार सम्झौता गरी पालिका शिक्षक पदमा नियुक्ति गर्नेछ । यसरी नियुक्ति गर्नुअघि पदस्यापन हुने विद्यालयहरुको सूची प्रकाशन गर्ने र सफल उम्मेदवारहरुलाई विद्यालय छनौट गर्न लगाई योग्यताक्रमका आधारमा पदस्यापन हुने विद्यालय समेत खुलाई नियुक्ति दिइनेछ ।

(२) नियुक्ति हुने पालिका शिक्षकको कार्यसम्पादन सन्तोषजनक नरहेको व्यहोरा गाउँपालिकावाट भएको स्थलगत अनुगमन/निरीक्षणवाट देखिएमा गाउँपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ । तर, निजलाई सफाइ पेश गर्ने मौकावाट वन्चित गरिनेछैन ।

(३) पालिका शिक्षकको कार्यसम्पादन संतोषजनक रहेको व्यहोरा शिक्षा शाखा प्रमुखको रायसहित प्रशासन शाखाको प्रमुखको सिफारिसबाट देखिएमा प्रमुख प्रशासकीय अधिकृतले करार अवधी थप गर्न सक्ने छ ।

(४) सेवा करारमा नियुक्त स्वयम्सेवक शिक्षकको सेवा सुविधा दफा १८ मा उल्लेख भएवमोजिम हुनेछ ।

## परिच्छेद-६

## विविध

१६. दरखास्त दस्तुर, समितिका पदाधिकारीहरुको सुविधा, परीक्षा संचालन खर्च तथा अन्य खर्च :

(१) पालिका शिक्षक पदको लागि दरखास्त दस्तुर समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(२) विज्ञापन प्रकाशन भएको मितिले अन्तिम नतिजा प्रकाशन एवम् नियुक्तिको लागि सिफारिस गर्ने मितिसम्म समितिका पदाधिकारीहरुलाई खटेको दिनको खाजा वापत प्रतिदिन रु. ३५०/- का दरले उपलब्ध गराइनेछ ।

हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

(३) समितिको वैठकको दिन समितिका पदाधिकारी तथा समितिले आवश्यक ठानेका आमन्त्रित सदस्यहरुले वैठक भत्ता र परीक्षा संचालन भएको दिन समितिका पदाधिकारी, केन्द्राध्यक्ष, निरीक्षक, अनुगमनकर्ता समेतलाई पारिश्रमिक वापत वैठक भए प्रति वैठक वा परीक्षासम्वन्धी कार्य वा अनुगमनको कार्यमा खटिएवापत प्रति दिन पारिश्रमिक रु. १०००/- र खाजा खर्च रु. ३५०/- उपलब्ध गराइनेछ ।

(४) पदपूर्ति सम्वन्धी कामको सिलसिलामा खटिने पदाधिकारी वा कर्मचारीहरुलाई अतिरिक्त समय काम गरेवापत प्रति दिन १ दिनको तलव वरावर अतिरिक्त भत्ता उपलब्ध गराइनेछ ।

(५) प्रश्नपत्र निर्माण गरेवापत प्रति सेट प्रश्नपत्र परिमार्जनको लागि शिक्षकसेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

(७) उत्तरपुस्तिका परीक्षणमा खटिएवापत प्रति उत्तरपुस्तिका परीक्षणको लागि शिक्षक सेवा आयोगले तोकेको प्रचलित दर अनुसारको पारिश्रमिक उपलब्ध गराइनेछ ।

**१७. पालिका शिक्षकको सेवा, शर्त र सुविधा :**

(१) पालिका शिक्षकको मासिक निर्वाह भत्ता तथा अन्य सुविधा गाउँपालिकाले समय-समयमा तोके वमोजिम हुनेछ । तर, पहिलो पटकको लागि मासिक निर्वाह भत्ता र अन्य सुविधा देहाय वमोजिम हुनेछ :

| क्र.सं. | पद | तह | मासिक निर्वाह भत्ता र चाडपर्व खर्च | पोशाक भत्ता(वार्षिक) |
|---|---|---|---|---|
| १ | पालिका शिक्षक | आधारभूत तह (कक्षा १-५) | रु. २५,०००/- | रु. ५०००/- |
| २ | पालिका शिक्षक | आधारभूततह (कक्षा ६-८) | रु. ३०,०००/- | रु. ५०००/- |
| ३ | पालिका शिक्षक | माध्यमिक तह (कक्षा ९-१०) | रु. ३५,०००/- | रु. ५०००/- |
| ४ | पालिका शिक्षक | माध्यमिक तह (कक्षा १०-१२) | रु. ४०,०००/- | रु. ५०००/- |

(२) पालिका शिक्षकले भैपरि आउने विदा ६ दिन र चाडपर्व विदा ६ दिन गरी कुल १२ दिन विदा पाउनेछ तर पालिका शिक्षकले असाधारण विदा, वेतलवी विदा र अध्ययन विदा पाउने छैन। विघालयलाई आवश्यक परेको वखत सार्वजनिक विदाका दिन पनि काममा खटाउन सकिनेछ तर काममा खटेवापतको अतिरिक्त पारिश्रमिक पालिका शिक्षकले पाउने छैन।

(३) पालिका शिक्षकको मासिक निर्वाह भत्ता निज कार्यरत विघालयको खातामा निकासा गरिनेछ ।

हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष

यसको लागि सम्बन्धित विद्यालयको चौमासिक रूपमा निकासा माग फारम गाउँपालिकामा पेश गर्नुपर्नेछ । निकासापश्चात् सम्बन्धित विद्यालयले निजको कार्यसम्पादन र हाजिरी अभिलेखका आधारमा पालिका शिक्षकको बैंक खाता मार्फत भुक्तानी दिनुपर्नेछ ।

१८. पालिका शिक्षकको आचार संहिता :

(१) पालिका शिक्षकले देहायबमोजिमको आचारसंहिता पालना गर्नुपर्नेछ :

(क) गाउँपालिकासँग भएको सम्झौता अनुरूपको कार्य इमान्दारितापूर्वक पालना गर्नुपर्नेछ ।

(ख) निर्धारित समयमा नियमितरूपले विद्यालयमा आए-गएको समय जनाई हाजिरी गर्ने र पहिलो विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(ग) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म, तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(घ) गाउँपालिकाको नीति तथा कानुन प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(ङ) कुनै पनि राजनीतिक गतिविधिमा संलग्न नहुने,

(च) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्वन गर्ने,

(छ) आफ्नो सेवा सुविधा सम्वन्धमा कुनै प्रकारको संगठन गर्ने नहुने,

(ज) सम्झौता विपरीतको कार्य गर्ने र यस विरुद्ध उजुरी गर्न नहुने ।

१९. प्रमाणपत्रको व्यवस्था :

(१) पालिका शिक्षकले सम्झौताबमोजिमको कार्यावधि पूरा गरेमा वा सोभन्दा वढी कार्य गरेमा गाउँपालिकाले निजलाई शिक्षण अनुभवको प्रमाणपत्र प्रदान गर्नेछ ।

२०. अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था :

(१) पालिका शिक्षकले गरेको कार्यसम्पादनको नियमित अनुगमन गर्ने र चौमासिक प्रतिवेदन पठाउने जिम्मेवारी सम्वन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

(२) सम्वन्धित वडा कार्यालय र गाउँपालिकाका पदाधिकारी एवम् कर्मचारीहरुवाट समयसमयमा पालिका शिक्षकले गरेको कार्यको स्थलगत अनुगमन तथा निरीक्षण हुनेछ ।

हरि शंकर यादव
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
अध्यक्ष